## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मिति २०७९/०३/१९

वैठक संख्याः ०४

आज मिति २०७९/०३/१९ गते दिनको १२:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री तिल बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँ कार्यपालिकाको वैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णयहरु गरियो ।

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ६) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ७) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ९) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १०) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| ११) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| १२) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १४) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०३/१९** **वैठक संख्या ०४**

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा
२. गाउँपालिका प्रशासकीय भवन म्याद थप सम्बन्धमा ।
३. योजना फरफारक सम्बन्धमा
४. कृषि तथा पशुपंक्षी पकेट क्षेत्र व्यवस्थापन समिति गठन सम्बन्धमा ।
५. फोहरमैला व्यवस्थापन समिति गठन सम्बन्धमा ।
६. स्वरोजगार उद्यम विकास कोष नियमावली दोस्रो संशोधन सम्बन्धमा ।
७. गाउँ शिक्षा समिति सदस्य मनोनयन सम्बन्धमा ।
८. विविध
क) मालपोत कार्यालय तनहुँको कार्यालयको व्यवस्थापनको लागि आर्थिक सहयोग सम्बन्धमा ।
ख) चट्याङ्ग परि क्षति भएको घरको क्षतिपुर्ति तथा घाइतेलाई उपचार सहयोग सम्बन्धमा ।
ग) साउने कर्तप सडक निर्माण/मर्मतको भेरिएसन अर्डर सम्बन्धमा ।
घ) देवघाट टोल विकास संस्थालाई भेट्टान खेल खेलाए बापतको आर्थिक सहयोग सम्बन्धमा ।
ङ) सिंच्याङ्ग चेप्टेढुङ्गासम्म बाटो सफाईको रकम भुक्तानी सम्बन्धमा ।
च) जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको लागि थेरापी गर्न कोठा व्यवस्थापन सम्बन्धमा ।
छ) सुन्तला मार्ग मर्मत कार्यको भुक्तानी सम्बन्धमा ।

**निर्णयहरुः**

१. यस अघि कार्यपालिका वैठकबाट भएका निर्णयको कार्यान्वयन प्रगति, बाटो हेरालु नियुक्ति र कामको प्रगति लगायतका विषयमा समीक्षा गरियो ।
२. गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कामको ठेक्का लिएको निर्माण व्यवसायीले कोरोना लगायतको कारण देखाई ९ महिनाको म्याद थपको लागि निवेदन दिएकोमा कोरोनाको कारणलाई आधार मानी गाउँपालिकाले कुनै थप दायित्व नव्यहोर्ने गरी तथा निर्माण व्यवसायीलाई पनि जरिवाना नलगाउने गरी ६ महिनाको म्याद थप गर्ने निर्णय गरियो ।
३. योजना फरफारक समितिबाट हाल सम्म फरफारक भएका योजनाको बारेमा जानकारी भयो तर सम्झौताको तुलनामा अझै कम योजना फरफारकको लागि प्राप्त भएकोले सबै वडा कार्यालयहरुले योजना छिटो सम्पन्न गर्न थप सहजीकरण गर्ने निर्णय गरियो ।
४. आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि तथा पशुपंक्षी क्षेत्रको विकासलाई प्रभावकारी बनाउन तोकिएका पकेट क्षेत्रको पुनरावलोकन गर्न तथा सम्भावनाको आधारमा थप पकेट क्षेत्रको अध्ययन गरी सिफारिस गर्न र पकेट क्षेत्र तथा प्रधानमन्त्री कृषि आधुनिकिकरणको कार्यक्रममा सहजीकरण गर्न देहाय अनुसार कृषि तथा पशुपंक्षी पकेट क्षेत्र व्यवस्थापन समिति गठन गरियो ।

**तपसिलः**

१) आर्थिक विकास समिति संयोजक एवं ५ नं. वडाध्यक्ष श्री पूर्ण बहादुर कुँवर – संयोजक
२) वडा नं. १, २, ३, ४ का वडा अध्यक्षहरु - सदस्य

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

३) पशु स्वास्थ्य इकाई प्रमुख - सदस्य

४) कृषि इकाई प्रमुख - सदस्य सचिव

५. फोहरमैला व्यवस्थापन निर्देशिका, २०७६ दफा (१) (ख) बमोजिम कार्यपालिकाबाट तपसिल अनुसारका सदस्य मनोनयन गरियो ।

**तपसिल:**

१) श्री याम बहादुर मगर (५ नं. वडा सदस्य)

२) श्री सरस्वती परियार (५ नं. वडा सदस्य)

६. स्वरोजगार उद्यम विकास कोष (दोस्रो संशोधन) नियमावली, २०७९ स्वीकृत गरियो र उक्त कोषबाट गरिने लगानी प्रभावकारी बनाउन उद्यम विकास कोष समितिलाई निर्देशन दिने निर्णय गरियो ।

७. गाउँ शिक्षा समितिमा कार्यपालिकाबाट तपसिल अनुसारका सदस्यहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

१) कार्यपालिका सदस्य श्री याम माया गुरुङ

२) कार्यपालिका सदस्य श्री बाबुराम परियार

८. विविध:

क) मालपोत कार्यालय तनहुँको लागि कार्यालय सामान व्यवस्थापन वा भौतिक संरचना व्यवस्थापन गर्न रु. ५०,०००/- (अक्षरुपी पचास हजार) यस आ.व.मा वा आगामी आ.व.मा भुक्तानी दिने निर्णय गरियो ।

ख) वडा नं. २ छापडाँडामा चट्याङ्ग परी विपदजन्य घटनामा घरको रहेको सोलार प्यानल देखि घरको विद्युतिय वायरिङ्ग सबै नष्ट भएको र घरको झ्याल ढोकाका भित्ताहरु चर्कन गई आंशिक नष्ट भई क्षति भएकोले विपद कोषबाट रु. १५,०००/- (पन्ध्र हजार) आर्थिक सहयोग दिने निर्णय गरियो । साथै उक्त चट्याङ्गबाट घाइते हुनु भएका वैदी स्वास्थ्य चौकीमा कार्यरत अ.न.मि. अनिता थापालाई स्वास्थ्य उपचार बापत रु. १५,०००/- (पन्ध्र हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

ग) साउने कर्ताप सडक निर्माण/मर्मतको लागत इष्टिमेट अनुसारको काममा हेरफेर सहितको भेरिएसन अर्डर (VO) स्वीकृत गरियो ।

घ) देवघाट टोल विकास संस्थालाई भेट्रान खेल खेलाए बापत रु. ५०,०००/- (पचास हजार) गाउँपालिकाबाट लागत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

ङ) वडा नं. ४ सिंच्याङ्ग चेप्टेढुङ्गासम्म बाटो सफाइको इष्टिमेट बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

च) जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको तर्फबाट यस गाउँपालिकामा थेरापी उपचार गर्नको लागि कोठाको व्यवस्था गरिदिन अनुरोध भई आए अनुसार मासिक रु. ५,०००/- (पाँच हजार रुपैया) कोठा भाडाको लागि अनुदान सहयोग दिने निर्णय गरियो ।

छ) सुन्तला मार्ग नाल्बुङ्गमा पहिरो गई विद्युत पोल पनि ढल्न लागेको र बाटो समेत भत्किएकोले तत्काल निर्माण गर्नुपर्ने भएकोले लागत इष्टिमेट बमोजिम रु. ३,१२,८६६/- रकम बराबरको मर्मत कार्य गर्ने निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत